# “आमा सुरक्षा कार्यक्रम” कार्यविधि निर्देशिका
## २०६५




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार स्वास्थ्य महाशाखा
टेकु, काठमाडौं

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन : ४-२६२५३४
फ्याक्स : ४-२६२५६५

माननीय गिरिराजमणि पोखरेल
मन्त्री
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं, नेपाल

पत्र संख्या :-
चलानी नं :-

मितिः- ..................................
२०६५।९।२७

विषयः- मन्तव्य



नेपाल सरकारको नयां नेपाल स्वस्थ्य नेपाल वनाउने प्रतिवद्धतालाई कार्यान्वयन गर्न आ.व. २०६५।६६ को वजेट नीति तथा कार्यक्रममा "**सवैलाई प्रसूति सेवा निःशुल्क उपलव्ध गराइनेछ**" भन्ने उल्लेख गरिए वमोजिम नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६५ तयार गरि कार्यान्वयन गर्न गै रहेको छ ।

सुरक्षित मातृत्व दीर्घकालिन योजना र सहश्राव्दि विकास लक्षमा उल्लेख भए अनुसारको लक्ष प्राप्ती गर्न नेपाल सरकारले आ.व. २०६५।६६ देखि सुरक्षित प्रसूति प्रोत्साहन कार्यक्रम ७५ वटै जिल्लामा संचालन गर्दै आएकोछ । हाल सम्ममा कार्यक्रम संचालन भएको पहिलोवर्ष २०६५।६६ मा संस्थामा आएर प्रसूति हुने महिलाको संख्या ७५ हजार वाट वढेर आ.व. २०६५।६६मा दोव्वर हुन पुगको तथ्याङ्क हाम्रा सामु छर्लङ्ग छ । कार्यक्रम संचालनको क्रममा प्राप्त जानकारी अनुसार प्रसूति हुदा लाग्ने खर्च को कारणले अझै पनि ८० प्रतिशत भन्दा धेरै महिलाहरु घरमै प्रसूति हुन वाध्य छन् । उक्त तथ्यलाई मध्यनजर राख्दै नेपालको संविधान २०६३ले निर्देश गरे वमोजिम जनताले निशुल्क स्वास्थ्य सेवा पाउने अधिकारलाई सुनिश्चित गर्न नेपाल सरकारले देशभर निःशुल्क प्रसूति सेवा प्रदान गर्दैछ । यसवाट कार्यवाट नेपाल सरकारकले सहश्राव्दि विकाश लक्षमा उल्लेख भए अनुसार मातृ तथा नवशिशु मृत्युदरलाई घटाउन मद्धत पुग्ने अपेक्षा गरेको छ । यस उत्कृष्ठ कार्यलाई आर्थिक रुपमा सहयोग पुऱ्याउने दातृ संस्था वेलायती सहयोग नियोगलाई विशेष धन्यवाद दिदै भविष्यमा पनि सहयोगको निरन्तरताको अपेक्षा गर्दछौं ।

नेपाल सरकारको प्राथमिकता नं १ अन्तरगत रहेको यस आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सम्पूर्ण स्वास्थ्य संस्थाहरु, स्वास्थ्य कर्मिहरु तथा स्वास्थ्य संस्था व्यवस्थापन समितिहरुलाई अनुरोध गर्दछु ।

( गिरीराजमणी पोखरेल )
मन्त्री

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(....................................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या
चलानी नं. :-

मिति :- २०६५।५।२७............

विषय :-



## मेरो भनाई

नेपालमा विद्यमान उच्च मातृ एवं वाल मृत्यु दर कम गर्ने सहश्राव्दी विकास लक्ष्य हासिल गर्नकालागि हामीले विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएका छौं । दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति एवं नवशिशु सेवा प्रदान गरिएमा आमा र शिशु दुवैको स्वास्थ्य राम्रो हुनुका साथै मृत्यु दर धेरै कम गर्न सकिने राष्ट्रिय एवं अर्न्तराष्ट्रिय अनुभव हामीसंग छ । दक्ष प्रसुति सेवाको उपलब्धता र त्यसमा महिलाहरुको पहुँचलाई वृद्वि गर्न यो "आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका" तयार पारिएको हो ।

निःशुल्क प्रसूति कार्यकम कार्यान्वयन पश्चात महिलाहरुले पैसा नभएको कारणले सेवावाट वञ्चित हुनु पर्ने छैन, साथै स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थाहरुलाई समेत आर्थिक प्रोत्साहन हुनेछ जसले गर्दा उनीहरुको कार्य क्षमतामा वृद्वि हुनेछ भन्ने अपेक्षा गरिएको छ । सम्पूर्ण नेपाली महिलाहरुले, खासगरी दुर्गम एवं ग्रामिण क्षेत्रका महिलाहरुले, पैसा नभएकै कारणले सेवा लिन नसक्ने अवस्थामा सुधार गर्न सकिने विश्वासका साथ नयाँ नेपाल स्वस्थ्य नेपाल कार्यकमलाई प्रभावकारी ढङ्गले अगाडि वढाउन यो निर्देशिका सहायक हुनेछ भन्ने अपेक्षा गर्दछु ।

प्रस्तुत निर्देशिकाले सुरक्षित प्रसूति सेवाग्राही महिला तथा सेवा प्रदायकलाई सरल र सुलभ तरिकाले आर्थिक प्रोत्साहन उपलब्ध गराई सुरक्षित तथा निःशुल्क प्रसूति सेवाको माध्यमबाट आमा र नवशिशुको स्वास्थ्य सेवाको गुणस्तरमा अभिवृद्धि गर्न ठूलो मद्दत पुग्ने कुरामा विश्वास राख्दै आमा सुरक्षा कार्यक्रमको सफल कार्यान्वयनको लागि सबै स्वास्थ्य संस्थाहरू तथा दक्ष स्वास्थ्यकर्मीहरुको सक्रिय भूमिकाको अपेक्षा राखेको छु । साथै यो कार्यकम प्रभावकारी रुपमा कार्यान्वयन गर्नकालागि सबै दाजुभाई तथा दिदीवहिनीहरुले आवश्यक सहयोग एवं अनुगमन समेत गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

.........................
डा. सुधा शर्मा
का.मु.सचिव (जनसंख्या)
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
का.मु. सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# स्वास्थ्य सेवा विभाग
.................................... महाशाखा

☎ ४२६१७१२
४२६१४३६
फ्याक्स-४२६२२३८

पत्र संख्या :-
चलानी नम्बर :-

पचली, टेकु
काठमाडौं, नेपाल ।
मितिः २०६५/९/२७


विषयः-



## दुई शव्द

उच्च मातृ तथा शिशु मृत्युदर नेपालको प्रमुख स्वास्थ्य समस्या हो । करिव ८० प्रतिशत महिलाले घरैमा असुरक्षित वातावरणमा प्रसूति गर्नाले नै मातृ मृत्युदर उच्च रहेको मान्न सकिन्छ । धेरै जसो हिमाली र पहाडी क्षेत्रका तथा अति दुर्गम जिल्लाहरूमा स्वास्थ्य संस्था सम्म पुग्न यातायातको खर्च तथा अन्य स्वास्थ्य सेवा खर्च व्यहोर्न नसकेर घरैमा असुरक्षित तवरले प्रसूति गर्न बाध्य छन् ।

नेपाल सरकारले मातृ तथा शिशु मृत्युदर घटाउन विभिन्न मातृ शिशु स्वास्थ्य कार्यक्रम लागू गरेको छ तापनि उपलब्ध मातृ र शिशुको स्वास्थ्य सेवाको उपयोग एकदम न्यून रहेको छ । तसर्थ देशका सम्पूर्ण महिलाहरूलाई प्रसूति सेवाको निशुल्क उपयोग गर्न प्रोत्साहन र सुरक्षित प्रसूति सेवा दिने दक्ष स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्न यो "आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५" तयार पारिएको छ ।

यस निर्देशिकाले निःशुल्क तथा सुरक्षित प्रसूतिसेवा दिने स्वास्थ्य संस्था तथा सेवाग्राहीहरूलाई सरल र सुलभ तरिकाले आर्थिक प्रोत्साहन उपलब्ध गराउने व्यवस्था गर्न मद्दत पुग्नुका साथै यसले सुरक्षित तथा निःशुल्क प्रसूति सेवाको गुणस्तर र सेवाको उपभोग पनि बढ्नेछ भन्ने अपेक्षा गरेको छु ।

महिलाहरूबाट सुरक्षित प्रसूति सेवाको उपयोग बढाउनको लागि यो निर्देशिकाको सफल कार्यान्वयन गर्न आवश्यक भएकोले संपूर्ण महाशाखाहरु, क्षेत्रीय स्वास्थ्य निर्देशनालयहरू, जिल्ला स्वास्थ्य कार्यालय, अस्पतालहरू र सम्पूर्ण स्वास्थ्य संस्था व्यवस्थापन समितिहरुलाई सक्रिय रुपमा सहभागी भै कार्यक्रम संचालनमा सहयोग पुऱ्याई दिनु हुनेछ भन्ने आशा लिएको छु ।

यो निर्देशिका तयार गर्नमा संलग्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखाका सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

डा. गोविन्द प्रसाद ओझा
महानिर्देशक
स्वास्थ्य सेवा विभाग

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# स्वास्थ्य सेवा विभाग
............................................ महाशाखा

☎ ४२६१७१२
४२६१४३६
फ्याक्स-४२६२२३८

पचली, टेकू
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
चलानी नम्बर :-

मितिः......२०६५/९/२७

विषयः-



## प्राक्कथन

नेपालको अन्तरिम संविधान २०६३ ले निर्दिष्ट गरेको स्वास्थ्य सेवा उपभोग गर्न पाउने जनताको अधिकारलाई प्रत्याभूत गर्न नेपाल सरकारले आ.व. २०६५/६६ को नीति तथा कार्यक्रम मार्फत सम्पूर्ण स्वास्थ्य संस्थाबाट निःशुल्क प्रसूति सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गरेको र सोही प्रतिवद्वता अनुरुप यसै आर्थिक वर्ष देखि निशुल्क प्रसूति सेवा कार्यक्रमलाई समेत बजेटमा  समावेश गरिएको छ । निशुल्क तथा सुरक्षित प्रसूति सेवा प्रोत्साहन रकम वितरण कार्यलाई व्यवस्थित गर्न प्रस्तुत "आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५" तयार गरिएको हो । यसको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका का.मु. सचिव डा. सुधा शर्माज्यूको अध्यक्षतामा एक कार्यदल बनाइएको थियो । उक्त कार्यदलमा स्वास्थ्य मन्त्रालयको लेखा शाखा, कानुन शाखा, नर्सिङ्ग शाखा, चिकित्सा महाशाखाका प्रतिनिधि र स्वास्थ्य सेवा विभाग र परिवार स्वास्थ्य महाशाखाका प्रतिनिधिहरु रहनु भएको थियो । कार्यदलबाट बनाइएको मस्यौदालाई स्वास्थ्य सेवा बिभागको महाशाखा, केन्द्र तथा स्वास्थ्य मन्त्रालयको विभिन्न महाशाखाहरुबाट पुनरावलोकन भइ तयार पारिएको छ ।

"आमा सुरक्षा कार्यक्रम" ले नेपालका पचहत्तरै जिल्लाका स्वास्थ्य संस्थाहरूमा संचालन गरी नेपालको उच्च मातृमृत्यु तथा शिशु मृत्युदर घटाउन लक्ष राखेको छ । यसका लागि सुरक्षित प्रसूति सेवा उपभोग गर्न स्वास्थ्य संस्थामा आउने सेवाग्राही लाई यातायात खर्च तथा सेवा प्रदायक स्वास्थ्य संस्थाहरुलाई प्रति सेवा वापत तोकिए बमोजिमको इकाइ मूल्य प्रदान गर्नु यस निर्देशिकाको प्रमुख उद्देश्य रहेको छ ।

साथै यस निर्देशिकाले नेपाल सरकारका विभिन्न स्वास्थ्य संस्था र अस्पतालहरूबाट सुरक्षित प्रसूति सेवा व्यवस्थित रुपमा संचालन तथा उपलव्ध गराई सेवाको अनुगमन तथा मूल्यांकन समेत गर्न  मद्दत गर्नेछ भन्ने आशा गरेको छु ।

अन्तमा, यो निर्देशिका तयार गर्नमा संलग्न सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

डा. बाल कृष्ण सुवेदी
निर्देशक
परिवार स्वास्थ्य महाशाखा

# "आमा सुरक्षा कार्यक्रम" कार्यविधि निर्देशिका, २०६५

नेपालको अन्तरिम संविधान २०६३ बमोजिम स्वास्थ्य सेवा उपभोग गर्न पाउने जनताको अधिकारलाई प्रत्याभूत गर्न नेपाल सरकारले आ.व. २०६५/६६ को नीति तथा कार्यक्रम मार्फत सम्पूर्ण स्वास्थ्य संस्थाबाट निःशुल्क प्रसूति सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गरेका र सोही प्रतिवद्धता अनुरुप यसै आर्थिक वर्ष देखि निशुल्क प्रसूति सेवा कार्यक्रमलाई समेत बजेटमा समावेश गरिएको छ । नेपाल सरकारद्वारा संचालित मातृ स्वास्थ्य कार्यक्रमको प्रभावकारिताको कारणले विद्यमान मातृ मृत्युदरमा उल्लेख्य रुपमा कमी आएको यथार्त र हालसम्म प्राप्त उपलव्धीहरुलाई मध्यनजर गर्दै सुरक्षित मातृत्व सम्बन्धि दीर्घकालिन योजना र शहश्राव्दि विकास लक्षमा तोकिएको उपलव्धि हाशिल गर्न सेवाग्राही महिलाको स्वास्थ्य संस्थासम्मको प्रभावकारी पहुंच वढाई तालिम प्राप्त स्वास्थ्य कर्मीबाट निःशुल्क प्रसूति सेवा प्रदान गर्न सेवाग्राही महिला तथा सेवा प्रदायक संस्थालाई समेत अभिप्रेरित गरी संचालन गर्न आवश्यक भएकोले नेपाल सरकारले यो "आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६५" जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६५" रहेको छ ।

(२) यो निर्देशिका २०६५ माघ १ गते देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः,

(क) **"आमा सुरक्षा कार्यक्रम":** भन्नाले नेपाल सरकार अन्तर्गतका स्वास्थ्य संस्थामा वा घरमा प्रदान गरिने निःशुल्क प्रसूति सेवा र नेपाल सरकारले मान्यता दिएका निजी तथा गैरसरकारी स्वास्थ्य तथा शिक्षण संस्थामा प्रदान गरिने निःशुल्क प्रसूति सेवा र सेवाग्राही महिलालाई स्वास्थ्य संस्थामा आउन जान तोकिएको यातायात खर्च दिने सम्पूर्ण कृयाकलापलाई सम्झनु पर्छ ।

(ख) **"प्रसूति सेवा"** भन्नाले तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा स्वास्थ्य संस्थामा वा घरमा प्रदान गरिने सामान्य प्रसूति सेवा, जटिलतापूर्ण (अनुसूचि २ मा तोकिए अनुसार) प्रसूति सेवा र शल्यकृयाद्वारा हुने प्रसूति सेवा (C/S) समेत सम्झनु पर्छ ।

(ग) **"सेवाग्राही"** भन्नाले आमा सुरक्षा कार्यक्रमको सेवा सुविधा प्राप्त गर्ने महिलालाई सम्झनु पर्छ ।

(घ) **"तालिम प्राप्त स्वास्थ्यकर्मी"** भन्नाले प्रसूति सेवाका लागि तालिम प्राप्त चिकित्सक, हेल्थ असिस्टेण्ट, स्टाफ नर्स, अ.न.मि, अ.हे.व. तथा मातृशिशु कार्यकर्तालाई सम्झनु पर्छ ।

(ङ) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी वा नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल, शिक्षण अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा सुरक्षित प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य चौकी र निश्चित मापदण्ड पुरा गरेका उपस्वास्थ्य चौकिहरु सम्झनु पर्दछ । नेपाल सरकारबाट मान्यता प्राप्त सुरक्षित प्रसूति सेवा प्रदान गर्ने सामुदायिक अस्पताल, शिक्षण अस्पताल, मिसन अस्पताल तथा अन्य नीजि तथा गैर सरकारी संस्था तथा प्रसूति केन्द्र समेत सम्झनु पर्छ ।

(च) **“इकाई मूल्य”** भन्नाले प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई नेपाल सरकारले प्रदान गर्ने प्रति सेवाग्राही महिलालाई दिएको प्रसूति सेवा वापतको अनुसूचि १ बमोजिमको रकमलाई सम्झनु पर्छ ।

(छ) **“यातायात खर्च”** भन्नाले नेपाल सरकारले सेवाग्राहीलाई निःशुल्क प्रसूति सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था रहेको स्थान सम्म आउँदा र घर फर्कदा लाग्ने तोकिएको यातायात खर्च वापतको रकमलाई सम्झनु पर्छ ।

(ज) **“स्वास्थ्य संस्था व्यवस्थापन समिति”** भन्नाले नेपाल सरकार अन्तरगतका स्वास्थ्य संस्थाहरुको हकमा नेपाल सरकारको नीति अनुरुप गठन भएको स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई सम्झनु पर्छ । नीजि तथा गैर सरकारी स्वास्थ्य संस्थाको हकमा उक्त संस्थाहरुको बैधानिक प्रकृया द्वारा गठित संचालक समिति सम्झनु पर्छ ।

(झ) **मंत्रालय** भन्नाले स्वास्थ्य तथा जनसंख्या मंत्रालय संझनु पर्छ ।

## परिच्छेद २
## सेवा सुविधा सम्वन्धी व्यवस्था

३. **सेवा तथा सुविधाः** (१) आमा सुरक्षा कार्यक्रमका लागि देहाय बमोजिमका सेवा सुविधा प्रदान गरिनेछ ।

(क) यो निर्देशिका बमोजिम स्वास्थ्य संस्थामा प्रदान गरिने निःशुल्क सुरक्षित प्रसूति सेवा, र सो सेवा प्रदान गरे वापत स्वास्थ्य संस्थालाई दिइने ईकाई मूल्य वापतको रकम,

(ख) सेवाग्राही महिलालाई स्वास्थ्य संस्था रहेको स्थान सम्म आउँदा र घर फर्कदा लाग्ने यातायात खर्च वापतको रकम ।

(ग) तालिम प्राप्त स्वास्थ्यकर्मीलाई सेवाग्राहिको घरैमा गई सुरक्षित प्रसूति सेवा उपलब्ध गराए वापत प्रदान गरिने प्रोत्साहन रकम

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम प्रदान गरिने सुविधा अनुसूची-१ मा तोकिए बमोजिम हुनेछ । तर क्याविनमा वसी सेवा लिने सेवाग्राहीको हकमा उपदफा १ वमोजिम कुनै पनि सेवा सुविधा प्रदान गरिने छैन ।

(३) उपदफा (१) को खण्ड (क) वमोजिम स्वास्थ्य संस्थालाई प्राप्त हुने इकाई मूल्यबाट नै सेवाग्राहीलाई आवश्यक पर्ने सवै औषधि, सामान र उपकरण त्यस्तो स्वास्थ्य संस्थाले उपलव्ध गराउनु पर्नेछ ।

(४) उत्प्रेरणाको लागि स्वास्थ्य संस्था व्यवस्थापन समितिले उपदफा २ को खण्ड (क) अनुसार प्राप्त हुने इकाई मुल्यबाट सेवा प्रदायककलाई रु. दुई सयमा नवढ्ने गरि कामको प्रकृतीको हिसावले वांडफांड गरि वितरण गर्न सक्ने छ । स्वास्थ्य संस्थामा प्रसुती सेवाको विस्तार संगै घरमा गई प्रदान गरिएको सुरक्षित प्रसुती सेवा वापतको प्रोत्साहन रकमलाई क्रमशः वन्द गरिनेछ ।

(५) इकाइ मुल्य दावी गर्ने स्वास्थ्य संस्थाले सेवाग्राही महिलाई प्रसूति सेवा दिए वापत कुनै पनि प्रकारको प्रत्यक्ष तथा अप्रत्यक्ष सेवा शुल्क लगाउन पाउने छैन ।

(६) यस दफा बमोजिम प्रदान गरिने सेवा सुविधा वापतको रकम मंत्रालयले सम्बन्धित स्वास्थ्य संस्थामा आमा सुरक्षा कार्यक्रमका लागि बिनियोजित भएको अनुदान रकमबाट सम्बन्धित स्वास्थ्य संस्थालाई उपलव्ध गराउने छ ।

## परिच्छेद ३
## बजेट व्यवस्थापन तथा वितरण

४. **बजेट व्यवस्था:** (१) आमा सुरक्षा कार्यक्रमको लागि आवश्यक बजेट रकम र श्रोतको व्यवस्थापन नेपाल सरकारले गर्नेछ ।

(२) विगतमा प्रदान गरेको प्रसूति सेवा संख्याको आधारमा स्वास्थ्य सेवा विभागले प्रत्येक जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय तथा अस्पताललाई आवश्यक पर्ने अनुमानित बजेटको बाँडफाँड गर्नेछ ।

(३) जिल्ला भित्रका आमा सुरक्षा कार्यक्रम प्रदान गर्ने स्वास्थ्य संस्थाहरुमा अख्तियारी प्राप्त बजेटको परिधि भित्र रहि आन्तरिक रुपमा बजेट परिचालन गरी सेवा संचालन गर्नेछ ।

(४) जिल्ला भित्रका सरकारी वाहेकका सामुदायिक, शिक्षण, मिसन अस्पतालहरु मार्फत सेवाग्राही महिलाहरुले पाउने रकम व्यवस्था सम्वन्धित जिल्ला (जन) स्वास्थ्य कार्यालयले मासिक प्रसूति सेवाको प्रतिवेदनको आधारमा सोधभर्ना दिने व्यवस्था गर्ने ।

(५) निशुल्क प्रसूति सेवा निरन्तर रुपले उपलव्ध गराउन स्वास्थ्य संस्था व्यवस्थापन समितिले आषाढ मसान्त भित्र पेश्कि फछ्र्यौट गर्ने गरि पेश्कि लिई खर्च गर्ने, नयां आर्थिक वर्ष शुरु भै निकासा प्राप्त नहुदा सम्म स्वास्थ्य संस्थाको कुनै पनि मौज्दात रकमबाट खर्च गरि निकासा भएपछि सोधभर्ना गर्ने व्यवस्था गर्नु पर्छ ।

५. **सुविधा वितरण:** (१)आमा सुरक्षा कार्यक्रमको सुविधा वितरण गर्दा सर्व प्रथमः (क) प्रसूति सेवा निःशुल्क उपलव्ध गराउने, (ख) दोश्रो सेवाग्राही महिलालाई यातायात खर्च भुक्तानी गर्ने, (ग) निःशुल्क सेवा दिए वापत संस्थाको इकाइ मुल्य स्वास्थ्य संस्था व्यवस्थापन समितिले लिने र ( घ) घरमा गई सेवा दिएका सेवा प्रदायकलाई क्रमशः प्राथमिकता कायम गरी सो अनुसारको प्राथमिकताका आधारमा प्रोत्साहन रकम वितरण गर्ने व्यवस्था गर्नु पर्छ ।

(२) यातायात खर्च वापत सेवाग्राहीलाई प्रदान गरिने रकम वितरणका आधारहरू देहाय बमोजिम हुनेछन्:

(क) स्वास्थ्य संस्थामा प्रसूति सेवा लिन आउने सेवाग्राहिलाइ स्वास्थ्य संस्थाबाट डिस्चार्ज भै जाने वेलामा यस निर्देशिका बमोजिमको यातायात खर्च प्रदान गरिनेछ ।

(ख) जटिलतायुक्त प्रसूति सेवा लिन आएका सेवाग्राहिलाई प्रेषण लिने वा अन्तिम सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाबाट मात्र यातायात खर्च प्रदान गरिनेछ ।

(ग) खण्ड (क) र (ख) अनुसार यातायात खर्च भुक्तानी गर्दा अनुसूचि ३ अनुसारको विवरण भरि भुक्तानी दिनु पर्नेछ ।

(३) स्वास्थ्य संस्थामा प्रसूति गराए वापत स्वास्थ्य संस्थालाई दिइने इकाई मूल्य बाट स्वास्थ्य संस्थाको वृहत्तर विकास (प्रसूतिका लागि चाहिने सवै आवश्यक सामाग्री, मानव श्रोतको व्यवस्था, आकस्मिक सेवा, भौतिक पूर्वाधार) को लागि स्वास्थ्य संस्था व्यवस्थापन समितिको निर्णयको आधारमा खर्च गर्न सकिने छ । तर यसो गर्दा प्रसूति सेवाको गुणस्तर र निरन्तरता को सुनिश्चितता हुनु पर्नेछ ।

(४) जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय, अस्पतालले मातहतका स्वास्थ्य संस्थाबाट प्रदान हुने आमा सुरक्षा कार्यक्रमको खर्चको व्यवस्थापन निम्नानुसार गर्नु पर्नेछः

(क) खर्च गर्ने अख्तियारी प्राप्त भएपछि मातहतका स्वास्थ्य संस्थाका प्रमुख वा नीजले जिम्मा दिएको व्यक्तिलाई निःशुल्क प्रसूति सेवा लिन आउने अनुमानित संख्याको

आधारमा पेशिकको रुपमा केही रकम उपलब्ध गराउनु पर्नेछ। तर घरैमा गई दिइने सेवाको हकमा सेवा प्रदायकबाट प्राप्त अनुसूचि ४ को आधारमा सोधभर्ना भुक्तानी दिनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम प्राप्त रकम पेश्कि लिने व्यक्तिले यस निर्देशिका बमोजिम खर्च गरी सो को विवरण अनुसूची ५, ६ र ९ सहित पेश्कि उपलब्ध गराउने कार्यालयमा फछ्यौंटको लागि पठाउनु पर्नेछ। यसरी खर्चको विवरण प्राप्त हुन आएपछि पेश्कि उपलब्ध गराउने कार्यालयले नियमानुसार पेश्कि फछ्यौंट गरी पुनः पेश्कि उपलब्ध गराउनु पर्नेछ।

६. **सेवाग्राहीले पाउने सुविधा** : (१) सेवाग्राहीले यस निर्देशिका बमोजिम पाउने सेवा सुविधा लिन अनुसूचि-३ मा दिइएको ढाँचामा सम्बन्धित स्वास्थ्य संस्थामा आवेदन गर्नु पर्नेछ।

(२) यस निर्देशिका बमोजिम सेवाग्राही महिलालाई प्रदान गरिने सुविधा स्वास्थ्य संस्थामा भर्ना भै निःशुल्क सेवा पाएको कागज र डिस्चार्ज फारामका आधारमा उपलव्ध गराइनेछ।

(३) सेवाग्राही महिलालाई सुविधा रकम भुक्तानी गर्दा सुविधा बुझेको भरपाई संलग्न गरी राख्नुपर्नेछ।

७. **सेवाप्रदायकले पाउने सुविधाः** (१) सेवाप्रदायकले यस निर्देशिका बमोजिम घरमा नै गई निःशुल्क प्रसूति सेवा दिए वापत पाउने सुविधा लिन अनुसूचि-४ बमोजिमको विवरण तथा जन्मिएको त्रच्चाको स्थानीय निकायमा जन्म दर्ता गरेको प्रमाण अनिवार्य रुपमा सम्बन्धित स्वास्थ्य संस्थामा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण उपर सम्वन्धित स्वास्थ्य संस्था प्रमुखले घरैमा गई प्रसूति सेवा प्रदान गरेको हो भनि प्रमाणित गरि प्रोत्साहन रकम भुक्तानीको लागि सिफारिश गर्नु पर्नेछ। गलत प्रतिवेदन पेश गरि रकम भुक्तानी लिएको दिएको पाइएमा आर्थिक ऐन अनुसार कारवाही हुनेछ।

(३) उपदफा (२) बमोजिम स्वास्थ्य संस्था प्रमुखबाट सिफारिश भए बमोजिम सम्बन्धित जिल्ला (जन) स्वास्थ्य कार्यालय वा अस्पतालले भुक्तानी दिई खर्चको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

(४) निर्देशिका बमोजिम प्रदान गरिएको सुरक्षित प्रसूति सेवा र सो वापत सेवाग्राही, सेवा प्रदायक र स्वास्थ्य संस्थालाई दिइएको भुक्तानीको विवरण जिल्ला अन्तरगतका स्वास्थ्य संस्थाले अनुसूचि-६ मा तोकिएको ढाँचामा तयार गरी जिल्ला स्वास्थ्य कार्यालयमा मासिक रुपमा र जिल्ला (जन) स्वास्थ्य कार्यालय तथा अस्पतालले अनुसूचि-६ अनुसार नै तयार गरी स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखामा अनिवार्य रुपमा चौमासिक रुपमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको विवरण प्राप्त भएपछि स्वास्थ्य सेवा विभागले एकीकृत प्रतिवेदन तयार गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद - ४
## गैर सरकारी तथा नीजि स्वास्थ्य संस्थाहरुको लागि व्यवस्था

८. **गैर सरकारी तथा नीजि स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने आमा सुरक्षा कार्यक्रमः** नेपााल सरकारबाट “आमा सुरक्षा कार्यक्रम” नाफा रहित सामुदायिक अस्पताल, मिशन अस्पताल र गैरसरकारी संस्थाद्वारा संचालित अस्पतालहरुमा खण्ड २ को अधिनमा रही “आमा सुरक्षा कार्यक्रम”निर्देशिका लागु भएको मिती देखि लागु हुनेछ। **निजी तथा गैर**

**सरकारी स्वास्थ्य संस्थाहरुबाट “आमा सुरक्षा कार्यक्रम” स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले क्रमश बिस्तार गर्दै लानेछ ।** निजी शिक्षण अस्पतालहरुका हकमा देहाय बमोजिमको व्यवस्था गरिएको छ ।

(१) नेपाल सरकारले आवश्यक देखेमा आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्न नीजि तथा गैर सरकारी स्वास्थ्य तथा शिक्षण संस्थालाई तोक्न सक्ने छ ।

(२) खण्ड (१) बमोजिम आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्न चाहने नीजि तथा गैर सरकारी र शिक्षण संस्थाले अनुसूचि ८ वमोजिम संझौता गर्नु पर्नेछ । यस निर्देशिकामा लेखिएका शर्तहरु पालना गर्नु पर्नेछ ।

३) खण्ड (१) बमोजिम नेपाल सरकारले नीजि तथा गैर सरकारी स्वास्थ्य तथा शिक्षण संस्थालाई आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्न दिंदा आमा सुरक्षा कार्यक्रमको सेवाबाट बञ्चित क्षेत्रलाई प्राथकिमकता दिने गरी सञ्चालन गर्न दिनु पर्नेछ । अन्य क्षेत्रको हकमा प्रेषित सेवा सेवाग्रहिलाई प्रदान गर्ने ब्यबस्था मिलाइने छ ।

(४) सरकारी वाहेकका जिल्ला भित्रका सामुदायिक, शिक्षण, मिशन अस्पतालहरु, गैर सरकारी तथा नीजि अस्पताल तथा प्रसूति केन्द्र मार्फत सेवाग्राही महिलाहरुले पाउने रकमको व्यवस्थापन सम्वन्धित जिल्ला स्वास्थ्य र जनस्वास्थ्य कार्यालयले आमा सुरक्षा कार्यक्रम को मासिक प्रतिवेदनको आधारमा सोधभर्ना दिने व्यवस्था गर्नेछ ।

(५) जिल्ला स्थित गैर सरकारी तथा नीजि स्वास्थ्य संस्थामा लागु भएको “आमा सुरक्षा कार्यक्रम”को अनुगमन सम्वन्धित क्षेत्रिय स्वास्थ्य निर्देशनालय तथा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले आवश्यकता अनुसार गर्नेछ र सो अनुगमनको प्रतिवेदन सुझाव सहित स्वास्थ्य सेवा विभागमा पठाउनु पर्ने छ ।

(६) खण्ड (५) अनुसार अनुगमनमा देखापरेका समस्याहरुको समाधान सम्वन्धित जिल्ला स्वास्थ्य/जिल्ला जनस्वास्थ्य कार्यालयले नै गर्नु पर्नेछ र स्थानीय स्तरबाट समाधान हुन नसकेमा समस्याको समाधानको लागि क्षेत्रिय स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य सेवा विभागमा पठाउनु पर्नेछ ।

## परिच्छेद - ५
## सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन

९. **अनुगमन तथा सुपरिवेक्षणः** (१) आमा सुरक्षा कार्यक्रमको व्यवस्थापन, अनुगमन, समीक्षा, प्रचार प्रसार र मूल्यांकन स्वास्थ्य सेवा विभाग तथा क्षेत्रिय स्वास्थ्य निर्देशनालय र जिल्ला जनस्वास्थ्य/ जिल्ला स्वास्थ्य कार्यालयबाट हुनेछ ।

(२) आमा सुरक्षा कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन क्षेत्रीय स्तरमा क्षेत्रीय स्वास्थ्य निर्देशनालयले गर्नेछ ।

(३) (क) स्वास्थ्य संस्थाबाट प्रदान गरिने आमा सुरक्षा कार्यक्रमको सुपरिवेक्षण जिल्ला जन स्वास्थ्य/जिल्ला स्वास्थ्य कार्यालयले गर्नेछ । तर जनस्वास्थ्य कार्यालय अलग भएका जिल्लाका (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागले वेग्लै अख्तियारी पठाएको) अस्पतालको हकमा अस्पताल व्यवस्थापन समिति आफैंले गर्नेछ ।

(ख) जिल्ला स्तरभन्दा तलका स्वास्थ्य संस्थाको हकमा स्थानीय अनुगमनको लागि स्वास्थ्य संस्थामा दिइएको प्रसूति सेवा वा घरैमा गई दिइएको प्रसूति सेवाको विवरण पारदर्शिताको लागि अनुसूचि ९ भरि प्रत्येक महिना स्वास्थ्य संस्था र न.पा./गा.वि.स.को कार्यालयमा सार्वजनिक गर्नु पर्नेछ । सो को अनुगमन जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले गर्नु पर्नेछ

(ग) सेवा ग्राहीले सेवा पाएको अनुगमन गर्नका लागि स्थानीय निकायको संलग्नता सुनिश्चित गर्नु पर्नेछ ।

(४) निशुल्क स्वास्थ्य सेवाको लागि वनेको सामाजिक नागरिक अनुगमन समितिले निशुल्क प्रसुती सेवाको पनि अनुगमन गर्नेछ । सो कार्यका लागि आवश्यक सहयोग उपलव्ध गराइनेछ ।

(५) अनुगमन र सुपरिवेक्षण कार्यमा सम्बन्धित दातृसंस्था र गैरसरकारी संस्थाको समेत सहयोग लिन सकिनेछ ।

(६) अनुगमन तथा सुपरिवेक्षणको फारामको ढाँचा अनुसूचि-७ मा तोकिए बमोजिम हुनेछ ।

**१०. प्रतिवेदन:** "आमा सुरक्षा कार्यक्रम"को प्रतिवेदन विभिन्न तहका स्वास्थ्य संस्थाहरुबाट निम्न अनुसार गर्नु पर्नेछ ।

(१) "आमा सुरक्षा कार्यक्रम" संचालन गर्ने जिल्ला भित्रका सवै स्वास्थ्य संस्थाहरुले अनुसूचि ६ र १० भरी प्रत्येक महिनाको ७ गते भित्र HMIS-32 संगै जिल्ला जनस्वास्थ्य/जिल्ला स्वास्थ्य कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) अनुसार प्राप्त भएको प्रगति विवरण संकलन गरि एकमुष्ठ अनुसूचि ५ प्रगति विवरण मासिक रुपमा HMIS-33 संगै नत्थीगरि स्वास्थ्य सेवा विभाग, व्यवस्थापन सूचना शाखा र सम्वन्धित क्षेत्रिय स्वास्थ्य निर्देशनालय पठाउनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा विभागबाट बेग्लै अख्तियारी प्राप्त हुने सामुदायिक, शिक्षण अस्पताल, अञ्चल अस्पताल, क्षेत्रिय अस्पताल तथा केन्द्रिय स्तरका अस्पतालले अनुसूचि ६ भरि प्रत्येक महिनाको ७ गते भित्र HMIS-34 संगै स्वास्थ्य सेवा विभाग, व्यवस्थापन सूचना शाखामा र सम्वन्धित क्षेत्रिय स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा १,२, ३ अनुसारको प्रगति विवरण क्षेत्रिय स्वास्थ्य निर्देशनालयमा प्राप्त भए नभएको अनुगमन सम्वन्धित क्षेत्रिय स्वास्थ्य निर्देशनालयले गर्ने छन् र स्वास्थ्य सेवा विभाग, व्यवस्थापन सूचना शाखामा प्राप्त भए नभएको अनुगमन व्यवस्थापन महाशाखा तथा परिवार स्वास्थ्य महाशाखाले गर्नेछ ।

(५) उपदफा २ र ३ अनुसारका प्रतिवेदन लगातार ४ महिना सम्म प्राप्त नभएमा सम्वन्धित स्वास्थ्य संस्थालाई "आमा सुरक्षा कार्यक्रम"मा विनियोजित रकम रोक्का गर्न सकिनेछ र यसको जिम्मेवारी सम्वन्धित स्वास्थ्य संस्था नै रहनेछ ।

**११. संस्थागत व्यवस्था:** (१) आमा सुरक्षा कार्यक्रम तथा त्यसको सुपरिवेक्षण, अनुगमन, मुल्याङ्कनको लागि बजेट तथा नीतिगत व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्नेछ ।

(२) (क) राष्ट्रिय स्तरका पत्रपत्रिका तथा केन्द्रिय प्रसारणबाट आमा सुरक्षा कार्यक्रम वारे सर्वसाधारणलाई जानकारी गराउने कार्य राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र बाट हुनेछ ।

(ख) आमा कार्यक्रम बारे सर्वसाधारणलाई स्थानीय स्तरबाट जानकारी गराउने र गर्भवती महिलालाई आमा कार्यक्रमको उपभोगका लागि नजिकको स्वास्थ्य संस्थासम्म पुर्‍याउने कार्यमा स्थानीय निकाय, गैर सरकारी तथा नीजि संस्थाहरूको सहयोग लिइनेछ ।

(३) यस निर्देशिका बमोजिमका कार्यक्रमको समीक्षा स्वास्थ्य सेवाका अन्य कार्यक्रमको विभिन्न स्तरमा नियमित प्रगति समीक्षा गर्नु पर्नेछ ।

१२. यस भन्दा पहिले लागु गरिएको "सुरक्षित प्रसूति प्रोत्साहन कार्यविधि निर्देशिका २०६२, प्रथम संशोधन २०६४" खारेज गरिएको छ ।

१३. **निर्देशिकामा तथा अनुसूचीमा हेरफेर तथा थपघट:** (१) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस निर्देशिकाको परिधि भित्र रहि यस निर्देशिका तथा अनुसूचीहरुमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

## अनुसूचि १
(दफा ३ संग सम्वन्धित)

**(क) सेवाग्राही महिलालाई प्रदान गरिने यातायात खर्च तथा अन्य सुविधा**

(१) हिमाली क्षेत्रको लागि एक हजार पांच सय रुपैया ।

(२) पहाडी क्षेत्रको लागि एक हजार रुपैया ।

(३) तराई क्षेत्रको लागि पांच सय रुपैया ।

| **हिमाली क्षेत्रका जिल्लाहरू:** | **पहाडी क्षेत्रका जिल्लाहरू** | | **तराई क्षेत्रका जिल्लाहरू** |
|---|---|---|---|
| १. संखुवासभा | १. भोजपुर | २१.गुल्मी | १. झापा |
| २. सोलुखुम्बु | २. धनकुटा | २२.कास्की | २. मोरङ |
| ३. ताप्लेजुङ | ३. इलाम | २३.लमजुङ | ३. सप्तरी |
| ४. दोलखा | ४. खोटाङ | २४.म्याग्दी | ४. सरहा |
| ५. रसुवा | ५. ओखलढुङ्गा | २५.पाल्पा | ५. सुनसरी |
| ६. सिन्धुपाल्चोक | ६. पाँचथर | २६.पर्बत | ६. बारा |
| ७. मनाङ | ७. तेह्रथुम | २७.स्याङ्जा | ७. चितवन |
| ८. मुस्ताङ | ८. उदयपुर | २८.तनहुँ | ८. धनुषा |
| ९. डोल्पा | ९. भक्तपुर | २९.दैलेख | ९. महोत्तरी |
| १०.जुम्ला | १०.धादिङ | ३०.जाजरकोट | १०.पर्सा |
| ११. हुम्ला | ११.काठमाडौं | ३१.युठान | ११.रौतहट |
| १२. कालिकोट | १२.काभ्रेपलाञ्चोक | ३२.रोल्पा | १२.सर्लाही |
| १३. मुगु | १३.ललितपुर | ३३.रुकुम | १३.कपिलवस्तु |
| १४. बझाङ | १४.मकवानपुर | ३४.सल्यान | १४.नवलपरासी |
| १५. बाजुरा | १५.नुवाकोट | ३५.सुर्खेत | १५.रुपन्देही |
| १६. दार्चुला | १६.रामेछाप | ३६.अछाम | १६.बांके |
| | १७.सिन्धुली | ३७.बैतडी | १७.बर्दिया |
| | १८.अर्घखाँची | ३८.डडेलधुरा | १८.दाङ |
| | १९.बागलुङ | ३९.डोटी | १९.कैलाली |
| | २०.गोरखा | | २०.कंचनपुर |

**(ख) घरमा गै निःशुल्क प्रसूति सेवा दिए वापत सेवा प्रदायकले पाउने सुरक्षित प्रसूति सेवा प्रोत्साहन रकमः**

(१) सेवाग्राही महिलाको घरैमा गई सुरक्षित प्रसूति सेवा प्रदान गरे वापत प्रति सेवा २०० रुपैया) ।

ग. स्वास्थ्य संस्थामा आमा कार्यक्रम लागु गरे वापत नेपाल सरकारले यो सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थालाई निम्न अनुसार निर्धारित इकाई मूल्य (Unit Cost) प्रदान गर्ने छ ।

१. सामान्य प्रसूति सेवाः सवै स्वास्थ्य संस्थाहरुको लागि रु. १,०००/

२. जटिलता युक्त प्रसूति BEOC सेवाः सो सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको लागि रु. ३०००/

३. शल्यकृया द्वारा प्रसुति सेवाः सो सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको लागि रु. ५०००/

अनुसूचि २

(दफा २(ख) संग सम्वन्धित)

## जटिलतायुक्त प्रसूति सेवाको मापदण्ड

जटिलतायुक्त प्रसूति सेवा भन्नाले निम्न ९ वटा जटिलताको सेवा सहित प्रसूति भएको भन्ने बुझ्नुपर्छ ।

## प्रसूति सम्वन्धी प्रमुख जटिलताहरुको परिभाषा

१. **गर्भवती अवस्थामा हुने रक्तश्राव (Antepartum Haemorrhage - APH)**

गर्भको अवधि २८ हप्ता पुगेपछि, वा प्रशव व्यथाको समयमा वा वच्चा जन्मिनु भन्दा अगावै योनिबाट रक्तश्राव हुन्छ भने त्यसलाई गर्भवती अवस्थामा हुने रक्तश्राव भन्दछन् ।

२. **प्रसूति पछिको रक्तश्राव (Postpartum haemorrtage-PPH)**

प्रसूति भएपछि योनिबाट करिव ५०० मि.लि. वा सोभन्दा बढी रक्तश्राव हुनुलाई प्रशवपछिको रक्तश्राव भनिन्छ र धेरै रक्तश्राव भएमा महिला शकमा (Shock) पनि जान सक्दछिन् ।

३. **एक्टोपिक प्रेगनेन्सी (Ectopic Pregnancy)**

पाठेघरमा नभै पाठेघरको अन्य भाग जस्तै डिम्व नलीमा गर्भ रहनुलाई एक्टोपिक प्रेगनेन्सी भनिन्छ । यसो भएमा गर्भ रहेको भाग फुट्न गई आन्तरिक रक्तश्राव (Internal bleeding) हुन्छ । यस अवस्थामा तल्लो पेट अत्याधिक दुख्नुको साथै महिला शकमा पनि जान सक्दछिन् ।

४. **लामो प्रशव व्यथा/अवरुध्द प्रशव व्यथा (Prolonged labour/obstructed labor)**

निम्न अवस्था भएमा लामो प्रशव व्यथा र अवरुध्द प्रशव व्यथा भएको यकिन गर्नु पर्दछ :

- प्रशव व्यथाको पहिलो चरण १२ घण्टा भन्दा लामो हुनु ।
- प्रशव व्यथाको दोश्रो चरण १ घण्टा भन्दा बढी हुनु ।

५. **पाठेघर फुट्नु (Ruptured Uterus)**

महिलाको पाठेघर फुटेको अवस्थामा महिलाले वा उनको परिवारका सदस्यले लामो प्रशव व्यथा/अवरुध्द प्रशव व्यथाको साथै पेट दुःख्न कम भएको विवरण दिन्छन् । यस अवस्थामा भित्री रक्तश्राव हुन्छ र यसै कारणले महिला शकमा पनि जान सक्दछिन् ।

६. **गम्भीर प्रि-एकलाम्पसिया (Severe Pre-eclampcia)**

गर्भवती भएको २० हप्ता पछि डायस्टोलिक रक्तचाप ११० भन्दा बढी हुनु , पिसाबमा प्रोटिन ३ + वा बढी हुनु र निम्न चिन्ह तथा लक्षणहरु पनि देखा परेमा गम्भीर प्रि-इल्काम्सिया भएको संकेत गर्छन :

धेरै टाउको दुःख्नु , दृष्टी धमिलिनु, माथिल्लो पेट दुःख्नु, पिसाब कम हुनु

७. **एक्लाम्प्सिया (Eclampcia)**

गर्भवती भएको २० हप्ता पछि गर्भवती महिलालाई कम्पन (Fits) आएर मुर्छापर्ने अवस्थालाई भन्दछन् ।

८. **साल अड्केको (Retained Placenta)**

शिशु जन्मेको ३० मिनेट सम्म पनि साल ननिस्केमा साल अड्केको भनिन्छ ।

नोटः पिसावको थैलीमा पिसाव भरेर साल अड्केको अवस्थालाई **Catheterization** गरि साल झिक्न सकिने भएकोले यसलाई Retained Placenta भनेर गणना गर्न मिल्दैन ।

९. **सुत्केरीको संक्रमण (Puerperal Sepsis)**

सुत्केरी भएको २४ घण्टा पछि महिलाको शरीरको तापक्रम ३८ डिग्री सेल्सियस (१००.४ डिग्री फरेन्हाइट वा सो भन्दा बढि छ भने सुत्केरीको संक्रमण भएको हुनसक्छ ।

## अनुसूचि - ३.
## (दफा ५ (२) र ६ (१) सँग सम्बन्धित)
## आमा सुरक्षा कार्यक्रमको यातायात खर्चको लागि आवेदन फाराम
## जिल्ला................................

श्री प्रमुखज्यू, मितिः

...................... अस्पताल/प्रा.स्वा.के./स्वा.चौ. ................................ठेगाना....................................

महोदय,

मैले यस स्वास्थ्य संस्थामा आएर सामान्य प्रसूति सेवा/जटिलतायुक्त/ शल्यकृयाद्वारा प्रसूति सेवा/प्रसूति सम्वन्धि जटिलताको उपचार प्राप्त गरेको हुनाले स्वास्थ्य संस्थामा आउँदा जांदा नेपाल सरकारले प्रोत्साहन स्वरुप प्रदान गर्ने यातायात खर्च वापत मैले पाउने रकम भुक्तानी पाऊँ ।

निवेदकको:

नाम, थरः

जातीः प्रसूति भएको मितिः

उमेरः ठेगानाः गा.वि.स./न.पा.

दस्तखतः : वडा नं.

---

**कार्यालय प्रयोजनको लागि सम्वन्धित कर्मचारीले भर्ने:**

- o गर्भवती जांच गराएको पटक............ स्वास्थ्य संस्थाको नामः............................ दर्ता नंः
- o मुल दर्ता नं. ......... प्रसूति दर्ता नं. ............... भर्ना मितिः ...................
- o प्रसूति गराएको मितिः ......................... डिस्चार्ज मितिः .............

प्रसूति सेवा दिएको विवरण ( ✓ चिन्ह लगाउने)

- सामान्य प्रसूति गराएको ☐
- जटिलतायुक्त प्रसूति गराएको ☐
- अपरेशन (सि/एस्) गराएको ☐
- जटिलता भै प्रेषण गरेको ☐

प्रसूतिको परिणामः

- जीवित जन्म ☐
- जुम्ल्याहा जन्म ☐
- मरेकै जन्म ☐
- जन्मिने वित्तिकै २४ घण्टा भित्र मरेको ☐

सेवा प्रदायकको: नामः ................................ पदः............................

नीजले यस स्वास्थ्य संस्थामा निःशुल्क प्रसूति सेवा लिएको प्रमाणित गर्दछु ।

दस्तखतः..................... पदः ............. मितिः ................. कार्यालयको छाप

---

संस्था प्रमुखको सिफारिस

दरखास्त वालाले यस संस्थामा निःशुल्क प्रसूति सेवा लिएकोले नियमानुसार भुक्तानी दिन सिफारिश गर्दछु ।

दस्तखतः नामः पदः मितिः

स्वास्थ्य संस्थाको प्रकारः सरकारी ☐ गैर सरकारी ☐ नीजि ☐ मेडिकल कलेज ☐ अन्यः

कार्यालयको छापः

---

**यातायात खर्च रकम बुझेको भरपाई**

म ..........................................................ले यस स्वास्थ्य संस्थामा आएर आमा सुरक्षा कार्यक्रम अन्तरगत प्रसूति सेवा/जटिलतायुक्त/शल्यकृयाद्वारा प्रसूति सेवा प्राप्त गरेको हुंदा नेपाल सरकारले प्रदान गर्ने यातायत खर्च वापतको नियमानुसार पाउने रकम रु .......... (अक्षरेपि ................ ...... ..... .. .........................) बुझिलिई यो भरपाई गरि दिएं ।

मितिः दस्तखतः नामः

## अनुसूचि - ४
### (दफा ७ सँग सम्बन्धित)

*(घरैमा प्रसूति सेवा उपलब्ध गराए वापत सेवा प्रदायकलाई दिइने प्रोत्साहन रकमको सिफारिस फारम)*

मुल दर्ता.नं:............

| गर्भवती महिलाको | | श्रीमान् वा अभिभावकको |
|---|---|---|
| नाम थरः | | नाम, थरः |
| जाती कोडः | | दस्तखतः |
| उमेरः | | |
| ठेगानाः | जिल्लाः | प्रसूति गराएको मिति र समयः |
| | गा.वि.स. | जीवित बच्चाको संख्या |
| | वडा नं. | |
| | टोल/गाउं | |

गर्भवती जांच गराएको पटक............ संस्थाको नामः.............................. दर्ता नंः

प्रसूति सेवा दिएको विवरण ( ✓ चिन्ह लगाउने)
- सामान्य प्रसूति गराएको ☐
- जटिलता भै प्रेषण गरेको ☐

प्रसूतिको परिणामः
- जीवित जन्म ☐
- जुम्ल्याहा जन्म ☐
- मरेकै जन्म ☐
- जन्मिने वित्तिकै २४ घण्टा भित्र मरेको ☐

सेवा प्रदायकको:
नामः
पदः डाक्टर ☐ नर्स ☐ अनमी ☐ हे.अ. ☐ अहेव ☐ माशिका ☐
स्वास्थ्य संस्थाको नामः
ठेगानाः
प्रसूति दर्ता नं. .......

| सेवा प्रदान गर्नेको | सिफारिश गर्नेः (गा.वि.स.सचिव) | प्रमाणित गर्ने संस्था प्रमुख |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

---

### सेवा प्रदायकले प्रोत्साहन रकम बुझेको भरपाई

मैले माथि उल्लेखित सेवाग्राहीको घरैमा गई सुरक्षित सामान्य प्रसूति सेवा प्रदान गरे वापत सेवा प्रदायकको हैसियतले पाउनु पर्ने प्रोत्साहन रकम रु. . . . (अक्षरेपि... ....... ...) मा कर कटाई वांकी रकम रु ................ बुझिलिई यो भरपाई गरिदिएं । विवरण गलत ठहरिएमा नेपालको कानून अनुसार सहुंला । बुझाउला ।

मुल दर्ता नं. :............

कर्मचारीको नामः ...........................
पदः ............................
मितिः ..........................

स्वास्थ्य संस्था प्रमुखको दस्तखतः
नामः
पदः
मितिः

## अनुसूचि - ५
## (दफा ५ (४) सँग सम्बन्धित)

*स्वास्थ्य संस्थामा आमा सुरक्षा कार्यक्रम लागु गरि सेवा दिए वापत स्वास्थ्य संस्थाले पाउने अनुदान रकम माग तथा भुक्तानी फारम*
*(यो फारम स्वास्थ्य संस्थाले मासिक रुपमा भरि रकम माग गर्नु पर्नेछ)*

---

श्री जिल्ला (जन) स्वास्थ्य कार्यालय

......................................

चालु आ.व. ............... को .............. महिनामा यस स्वास्थ्य संस्थामा ........... जनालाई आमा कार्यक्रम अन्तरगत निःशुल्क सेवा दिए वापत रु. .........../ का दरले हुन आउने जम्मा रकम रु. ................. (अक्षरेपिः .........................................................) आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६५ अनुसार स्वास्थ्य संस्थाको नाममा उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछु । अनुसूचि ९ र अनुसूचि ५ भरि यसै साथ संलग्न गरिएको छ ।

स्वास्थ्य संस्थाको नामः

| <u>तयार गर्ने</u> | स्वास्थ्य संस्थाको छापः | <u>स्वास्थ्य संस्था प्रमुख</u> |
|---|---|---|
| दस्तखतः | | दस्तखतः |
| नामः | | नामः |
| पदः | | पदः |
| मितिः | | मितिः |

---

<u>स्वास्थ्यले पाउने संस्था अनुदान रकम बुझेको भरपाई</u>

आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६५ अनुसार आ.व. .............. को .............. महिनामा यस स्वास्थ्य संस्थामा ........... जनालाई आमा सुरक्षा कार्यक्रम अन्तरगत सेवा दिए वापत रु. .........../ का दरले हुन आउने जम्मा रकम रु. ................. (अक्षरेपिः ........... .................. ...... ......................) नगदै/चेक नं. ..................वाट बुझिलिई यो भरपाई गरिदिएं ।

| | | |
|---|---|---|
| रकम बुझिलिने कर्मचारीको | दस्तखतः ...................... | स्वास्थ्य संस्थाको नामः |
| | नामः ........................... | स्वास्थ्य संस्थाको ठेगानाः |
| | पदः ............................ | |
| | मितिः .......................... | |

| <u>पेश गर्ने</u> | <u>सिफारिश गर्ने</u> | <u>प्रमाणित गर्ने</u> |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

## अनुसूचि - ६
(दफा ८ सँग सम्बन्धित)

## आमा सुरक्षा कार्यक्रम मासिक प्रतिवेदन

*(आमा सुरक्षा कार्यक्रम लागु गर्ने प्रत्येक स्वास्थ्य संस्थाले यो प्रतिवेदन मासिक रुपमा भरि जिल्ला स्वास्थ्य कार्यालयमा पठाउनु पर्छ र जिल्ला स्वास्थ्य कार्यालयले संकलन गरि मासिक रुपमा स्वा.से.वि., व्यवस्थापन सूचना शाखामा तथा परिवार स्वास्थ्य महशाखामा पठाउनु पर्नेछ ।)*

जिल्ला:

स्वास्थ्य संस्थाको नाम: स्वास्थ्य संस्थाको ठेगाना:

प्रतिवेदन गरेको आर्थिक वर्ष: .......................... महिना ....................

| प्रसूतिको विवरण | डाक्टर | नर्स/अनमी | हे.अ. | अ.हे.व. | मा.शि.का. | जम्मा |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य संस्थामा दिइएको निशुल्क प्रसूति सेवा | | | | | | |
| घरैमा गै सुरक्षित प्रसूति सेवा प्रदान गरेको | | | | | | |
| जम्मा | | | | | | |

| प्रसूति सेवाको विवरण | निशुल्क प्रसूति सेवा दिइएका सेवाग्राहीको संख्या | यातायात खर्च पाएका सेवाग्राहीको संख्या | सेवाग्राहीलाई भुक्तानी दिएको जम्मा रु. | स्वास्थ्य संस्थालाई प्रदान गरिएको जम्मा रकम रु. | सेवा प्रदायकले घरमै गई सेवा दिए वापतको रकम |
|---|---|---|---|---|---|
| स्वास्थ्य संस्थामा दिइएको सामान्य प्रसूति सेवा (Normal delivery) | | | | | |
| जटिलतायुक्त प्रसूति सेवा (Complicated delivery) | | | | | |
| शल्यकृयाद्वारा प्रसूति सेवा (C/S) | | | | | |
| घरैमा गै सुरक्षित प्रसूति सेवा प्रदान गरेको | | | | | |
| जम्मा: | | | | | |

***जिल्ला भित्रका आमा सुरक्षा कार्यक्रम लागु भएका स्वास्थ्य संस्था संख्या:***

अस्पताल संख्या [ ] प्राथमिक स्वास्थ्य केन्द्र संख्या: [ ] स्वास्थ्य चौकि [ ]

उप स्वास्थ्य चौकि [ ]

गैर सरकारी स्वास्थ्य संस्था [ ] नीजि स्वास्थ्य संस्था: [ ] प्रसूति केन्द्र [ ]

जम्मा जन्म: [ ] जम्मा जीवित जन्म [ ] जम्मा मरेको जन्म [ ]

| प्रतिवेदन तयार गर्नेको: | प्रमाणित गर्ने: |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| मिति | मिति: |

***नोट: यो प्रतिवेदनको आधारमा लेखापरिक्षण हुन सक्ने हुदा सुरक्षित संग राख्नु पर्छ ।***

## अनूसूचि ७

(दफा ९ सँग सम्बन्धित)

## आमा कार्यक्रमको सुपरिवेक्षण चेकलिष्ट

सुपरिवेक्षकको नामः पदः:

सुपरिवेक्षण गर्ने संस्थाको नामः सुपरिवेक्षण गरिएको संस्थाः मितिः

**के सुपरिवेक्षण गर्ने**

**क. संस्थामा** ......... महिनाको

१. सुरक्षित प्रसूति सेवा लिन आएका महिलाहरूको कूल संख्या ☐

२. सामान्य प्रसूति सेवा संख्या ☐

३. जटिलतायुक्त प्रसूति सेवा संख्या ☐

४. शल्यक्रियाद्वारा प्रसूति सेवा संख्या ☐

**ख. स्वास्थ्य संस्थाबाट खर्च व्यवस्थापन**

| | | |
|---|---|---|
| १. खर्चको अभिलेख अध्यावधिक गरी राखेको | छ ☐ | छैन ☐ |
| २. प्रतिवेदन समयमा | पठाएको ☐ | नपठाएको ☐ |
| ३. सेवाग्राहीको नाम सार्वजनिक | गरेको ☐ | नगरेको ☐ |

**ग. Delivery Sites**

१. SBA ..........................................................................................................................

२. Equipments ...............................................................................................................

३. Services ....................................................................................................................

**घ. आवश्यकता र समस्याहरू**

१. ..........................................................................................................................

२. ..........................................................................................................................

३. ..........................................................................................................................

**ङ. सुपरिवेक्षकले दिएको निर्देशन**

१. ..........................................................................................................................

२. ..........................................................................................................................

३. ..........................................................................................................................

**च. प्रतिवेदन बुझ्ने संस्थाले गर्नु पर्ने कार्य**

१. ..........................................................................................................................

२. ..........................................................................................................................

३. ..........................................................................................................................

| सुपरिवेक्षकको | सुपरिवेक्षण गरिएको स्वास्थ्य संस्था प्रमुखको |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मिति |
| | कार्यालयको छापः |

अनुसूचि ८

# संझौता पत्र

(दफा ८ संग सम्वन्धित)

(नेपाल सरकारबाट आमा सुरक्षा कार्यक्रम संचालन गर्न स्विकृत प्राप्त गैर सरकारी तथा नीजि स्वास्थ्य संस्थामा आमा सुरक्षा कार्यक्रम लागु गर्न जिल्ला स्वास्थ्य, जिल्ला जनस्वास्थ्य कार्यालय र गैर सरकारी/नीजि स्वास्थ्य संस्था विच भएको संझौता)

आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६५ को परिच्छेद ४ अनुसार यो कार्यक्रम लागु गरि सेवा दिन मन्जुर गरि यस ............... .... ........... .......... ..........................(जसलाई तल द्वितिय पक्ष भनिएको छ) र जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय ................. (जसलाई तल प्रथम पक्ष भनिएको छ) विच गरिएको संझौता ।

(१) "आमा सुरक्षा कार्यक्रम" कार्यविधि निर्देशिका २०६५ को अनुसूचि ८ वमोजिम मापदण्ड पूरा गरि "आमा सुरक्षा कार्यक्रम" लागु गर्न द्वितिय पक्षले स्विकृति पाएको छ ।

(२) "आमा सुरक्षा कार्यक्रम" कार्यविधि निर्देशिका २०६५ लाई पालना गर्न मन्जुरी गरि आमा सुरक्षा कार्यक्रम प्रवाह गर्न द्वितिय पक्ष सहमत छ ।

(३) "आमा सुरक्षा कार्यक्रम" कार्यविधि निर्देशिका २०६५ को परिच्छेद २, दफा ३ अनुसारको सेवा सुविधा सेवाग्राहीलाई उपलव्ध गराउन द्वितिय पक्ष सहमत छ ।

(४) "आमा सुरक्षा कार्यक्रम" कार्यविधि निर्देशिका २०६५ को परिच्छेद २, दफा ३ अनुसारको सेवा सुविधा सेवाग्राहीलाई उपलव्ध गराएको प्रतिवेदन द्वितिय पक्षले प्रथम पक्षलाई मासिक रुपले उपलव्ध गराउन सहमत छ ।

(५) "आमा सुरक्षा कार्यक्रम" कार्यविधि निर्देशिका २०६५ को परिच्छेद २, दफा ३ अनुसारको सेवा सुविधा सेवाग्राहीलाई उपलव्ध गराई द्वितिय पक्षले मासिक प्रतिवेदन गरे पछि आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका २०६५ को अनुसूचि १ अनुसार प्रति केशले हुन आउने रकम प्रथम पक्षले उपलव्ध गराउने छ । यसरी उपलव्ध गराउन पर्ने रकमको व्यवस्थापन प्रथम पक्षले गर्नेछ ।

(६) "आमा सुरक्षा कार्यक्रम" कार्यविधि निर्देशिका २०६५ अनुसार द्वितिय पक्षले प्रवाह गरेको "आमा सुरक्षा कार्यक्रम"को अनुगमन प्रथम पक्षले आवश्यकता अनुसार गर्नेछ र सो अनुगमनको प्रतिवेदन सुझाव सहित स्वास्थ्य सेवा विभाग तथा क्षे.स्वा.नि. मा पठाउनु पर्ने छ ।

(७) "आमा सुरक्षा कार्यक्रम" कार्यविधि निर्देशिका २०६५ अनुसार द्वितिय पक्षले लागु गरेको नपाइएको र कुनै शुल्क लगाइएको पाइएमा यो करारनामा तथा प्रथम पक्षको अस्पताल संचालन गर्ने अनुमति समेत प्रथम पक्षले रद्द गर्न सिफारिस गर्न सक्ने छ ।

यो संझौता मिति ...................... मा ................... बसि दुवै पक्षले सहमति गरेको सांचो हो ।

| प्रथम पक्ष | द्वितिय पक्ष |
|---|---|
| कार्यालयको नाम | स्वास्थ्य संस्थाको नाम |
| ठेगाना | ठेगाना |
| दस्तखत गर्ने व्यक्तिको नामः | दस्तखत गर्ने व्यक्तिको नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखत |
| कार्यालयको छाप | कर्यालयको छाप |
| साक्षी १ नामः | साक्षी २ नामः |
| सहिः | सहिः |

अनुसूचि ९

(दफा २(ङ) संग सम्वन्धित)

## प्रसूति सेवा इकाई (Birting Units) को लागि आवश्यक मापदण्ड

प्रसूति सेवा दिनु अधि त्यहांवाट कति मानिसलाई सेवा प्रदान गर्न सकिन्छ भनि पहिले नै सोच्नुर्ने ।

**प्रसूति सेवा केन्द्रको** मापदण्ड निम्न अनुसार हुनेछः

- दक्ष प्रसुतिकर्मी (नर्स वा अनमी) तथा अन्य आवश्यक सहयोगी समेतको २४ घण्टा उपस्थिति
- राम्रो र गुणस्तरिय भौतिक आधार जस्तैः भर्ना गर्ने, जांच गर्ने, सुत्केरी गराउने, वच्चा जन्माउने, सुत्केरी राख्ने कोठाहरु, कुर्ने ठाउं, सामानहरु राख्ने ठाउ), शौचालय र सफा पानीको व्यवस्था
- वच्चा जन्माउने वेलामा महिलाको चाहना अनुसार परिवारको सदस्य भित्र वस्ने ठाउं
- महिलाको गोपनियताको सुनिश्चितता
- केन्द्रको हाता भित्रै स्टाफ वस्ने क्वाटर वा तुरुन्त  स्टाफ आउन सक्ने वातावरण
- आवश्यक सामग्री, औजार, उपकरण, आकस्मिक अवस्थाका औषधिका सामाग्रीहरुका उपलव्धताको सुनिश्चितता
- महिलाको लागि गर्भवति स्याहार, सुत्केरी स्याहार र सुत्केरी पछिको परिवार नियोजन सेवा
- उपयुक्त प्रेषण प्रणालीको सुनश्चितता । नजिकको वृहत आकस्मिक प्रसूति सेवा केन्द्र संग आकस्मिक अवस्थामा टेलफोन मार्फत सर सल्लाह पाउने र प्रेषण गरिएको विरामीलाई वेलैमा उचित सेवा पाउने कुरा विच लिखित सहमति भएको ।
- स्थानिय एम्वुलेन्सहरु संग राम्रो समन्वय गरी वेलैमा प्रेषण गरिएका विरामीहरु पठाने व्यवस्था मिलाएको ।
- जोखिमपूर्ण अवस्थाका महिलाहरुलाई वच्चा जन्माउन भनि वर्थिङ्ग सेन्टरमा भर्ना गरी राख्न मिल्दैन तर उचित परामर्श सहित उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्छ ।

**व्यवस्थापन**

स्वास्थ्य संस्था व्यवस्थापन समितिले प्रसूति इकाइको परिचालन र व्यवस्थापन गर्नु पर्छ । स्वास्थ्य व्यवस्थापन समितिले केन्द्रवाट प्रदान गरिने गुणस्तरिय सेवाको सुनिश्चितता गर्नु पर्छ ।

गर्भवति र सुत्केरी सेवा प्रदान गर्न आवश्यक औजार, सामाग्री को सूचि निम्नअनुसार छ ।

| SN | Basic requirements | Number | Status | Remarks |
|---|---|---|---|---|
| **1** | **Infrastructure**<br>o Examination / consultation / admission room -2<br>o Delivery room-1<br>o Postnatal room-1<br>o Reception and waiting area<br>o Laboratory (for BEOC/CEOC)<br>o Pharmacy (for BEOC/CEOC)<br>o Utility room ( For BEOC/CEOC)<br>o Staff room (for the night service)<br>o Area for family members (sleeping, eating, food<br>o Preparation and dishwashing,<br>**Other**<br>o Toilet and bathing area for the mother<br>o Toilet + sink for staff | | | |

<table>
<tr><th>SN</th><th colspan="2">Basic requirements</th><th>Number</th><th>Status</th><th>Remarks</th></tr>
<tr><td></td><td colspan="2">o Toilet + sink for visitors/ family<br>o Waste disposal (according to national guideline)<br>o Placenta pit<br>o Electricity<br>o Water supply<br><br>Furniture<br>o Examining bed/table<br>o Step<br>o Mattress with water proof cover<br>o Pillow with water proof cover<br>o Screen<br>o Cupboard<br>o Table and chair<br>o Benches for patients<br>Equipments and instruments:<br>o Instrument trolley<br>o Stethoscope<br>o BP instruments<br>o Fetoscope<br>o Oral thermometer<br>o Drum for gloves<br>o Cheattle Forceps with jar<br>o Measuring tape<br>o Adult weighing machine<br>Infection Prevention<br>o Use of Chlorine (5%)<br>o Puncture proof container<br>o Containers for waste collect</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td colspan="4">Drug and supplies:<br>● Emergency drugs: Inj Magnesium sulphate(2cc/1gm) 20 vials, Inj calcium gluconate 10ml (2 ), 25% dextrose(2amp), Anti-hypertensive drug (nefidipine 5/10mg) (10 tab), Inj ringer lactate (6),IV set, IV canula. 1 set</td><td></td></tr>
<tr><td>2</td><td>Infrastructure<br>o Room for delivery<br>o Electricity<br>o Water supply<br>o Toilet</td><td colspan="3">Furniture<br>o Cupboard (1)<br>o Table(1)<br>o Chair (2)<br>o Delivery bed (2)<br>o Step (2)<br>o Mattress with water proof cover (2)<br>o Pillow with water proof cover (2)<br>o Screen (1)<br>o Revolving stool (2)</td><td></td></tr>
<tr><td></td><td>Equipments and Instruments<br>General equipments:<br>o Instrument trolley (2)<br>o Portable light (1)<br>o Emergency light (1)<br>o Wall clock (1)<br>o IV set (2)</td><td colspan="3">o Stethoscope (1)<br>o BP instruments (1)<br>o Fetoscope (1)<br>o Oral thermometer (1)<br>o Drum for gloves (1)<br>o Cheattle Forceps with jar (1)<br>o Measuring tape (1)</td><td></td></tr>
</table>

| SN | Basic requirements | | Number | Status | Remarks |
|---|---|---|---|---|---|
| | o Electronic suction (1)<br>o Instrument trolley (1) | o Oxygen cylinder (1) | | | |
| | Equipments<br>o **Standard Delivery set**<br>o **Episiotomy Set**<br>o **Perineal/vaginal/cervical repair set**<br>o **Newborn equipments**<br>**Drug and supplies:**<br>● Emergency drugs: Inj Magnesium sulphate(2cc/1gm) 20 vials, Inj Oxytocin 1IU/ml (10 amp), calcium gluconate 10ml (2 ), 25% dextrose(2amp), hypertensive drug (nefidipine 5/10mg) (10 tab), Inj ringer lactate (6),<br>**Infection Prevention** : S S Drums(3), Autoclave, momo cooker, puncture proof containers, different containers for waste dispose,5% chlorine, | | | | |

नोटः अन्य बृस्तृत विवरण प्रसूति सेवा केन्द्रको मापदण्ड (Birting Center Criteria) निर्देशिकामा उल्लेख गरिएको छ ।

## अनुसूची १०
## स्वास्थ्य संस्थाले इकाई मूल्य दावी गर्दा भर्नुपर्ने फारम
## (दफा ३ उपदफा १ (ग) को प्रयोजनको लागि)

स्वास्थ्य संस्थाको नामः

ठेगानाः जिल्लाः गा.वि.स./न.पा. वडा नं.

स्वास्थ्य संस्थाकोः टेलिफोन नं.: फ्याक्स्: इमेलः

प्रमुखको नामः पदः

अवधि ............. साल ................ महिना ......... गते देखि ......... साल ............. महिना ......... गते सम्म

| क्र.सं. | मूल दर्ता नं. | सेवाग्राही महिलाको | | उमेर | ठेगाना | | भर्ना मिति | | | प्रसूति दर्ता नं. | प्रसूति मिति | | | बच्चाको लिङ्ग | प्रसूतिको प्रकार | डिस्चार्ज मिति | | | यातायात खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | थर | | गाविस | वडा | ग | म | सा | | ग | म | सा | | | ग | म | सा | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

तयार गर्नेको प्रमाणित गर्नेको

नामः नामः

पदः पदः

मितिः स्वास्थ्य संस्थाको छाप मितिः

नोटः *प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकि, तथा प्रसूति इकाई ले यसै किसिमको विवरण सार्वजनिक रुपमा सबैले देख्ने गरि मासिक रुपमा टाँस्नु पर्नेछ।*